"कुशे गाउँपालिका १ नं वडा बासीहरुको एउटै इच्छा , अनिवार्य निःशुल्क आधारभूत शिक्षा ।"

अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्ति क्षेत्र वडा घोषणा कार्यक्रम

कुशे गाउँपालिका १ नं वडा ,जाजरकोट

१२ चैत्र २०७८

# (घोषणा पत्र)

सबै बालबालिकाहरुले आधारभूत तहको शिक्षा अनिवार्य र नि :शुल्क आर्जन गर्न पाउनु नेपालको संविधानले प्रदत्त गरेको मौलिक हक हो । जसलाई बालअधिकार महासन्धीले पनि प्रत्याभूत गरेको छ । बालबालिकाका आधारभूत अधिकार बाँच्न पाउनु, विकास , संरक्षण र सहभागिताको सम्मान संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो । यी अधिकारहरु जो कोहिबाट हनन हुन गएमा कानुनी रुपमा दण्डनिय हुन्छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागी गुणस्तरीय तथा समावेशी शिक्षा सुनिश्चित गर्ने र आजिवन सिकाईलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरीएको छ । यी सबै प्रतिवद्धताहरुलाई नेपालले अनुमोदन गरीसकेको छ । नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । जसमा (१) प्रत्येक नागरीकलाइ आधारभूत शिक्षामा पहुँचको हक हुने छ । (२) प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा नि : शुल्क पाउने हक हुने छ । (३) अपांगता भएका र आर्थिक रुपले विपन्न नागरीकलाई कानुन बमोजिम नि : शुल्क उच्च शिक्षा पाउने हक हुने छ । (४) दृष्टि विहिन नागरीकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्वन्धी अपांगता भएका नागरीकलाई सांकेतिक भाषाको माध्याम बाट कानुन बमोजिम निशुल्क शिक्षा पाउने हक हुने छ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्न पाउने हक हुने छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत शिक्षा सम्वन्धीका २३ वटा अधिकारहरु प्रदत्त गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्वन्धी नीति, कानुन,मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन भन्ने कुरा उल्लेख छ । यी विविध व्यवस्थाहरु राष्ट्रिय शिक्षा नीति २०७६ र कुशे गाउँपालिकाको शिक्षा नीति २०७७ ले पनि समेटेको छ । यसै गरी शिक्षा ऐन २०२८ मा कुनै पनि बाहानामा बालबालिकालाई शारीरिक, मानसिक तथा भावनात्मकरुपमा सजाय दिन नपाउने कुरा उल्लेख गरिएको छ । बालबालिका सम्बन्धी ऐन २०७५मा बालबालिका माथी हुने सबै प्रकारका हिंसाहरुको अन्त्यका लागी सबै कानुनी व्यवस्थायी गरेको छ । बाल अधिकार महासन्धीले बालबालिकाको बाच्नपाउने, विकास, संरक्षण र सहभागीताको अधिकार परिपूर्ति गर्नु प्रत्येक राज्यको दायित्व हुने कुरा उल्लेख गरेको छ ।

Scanned with CamScanner

त्यसैले जबसम्म शिक्षालाई सर्वसुलभ र नि: शुल्क बनाउन सकिदैन तब सम्म देशको आधा जनसंख्या ओगटेका बालबालिकाको भविष्य सुनिश्चित हुन नसक्नेमा कसैको पनि दुई मत नहोला । साथै जबसम्म विद्यालय, समुदाय, समाज, घर र परिवारमा बालबालिकाहरुमाथी हुने सबै प्रकारका हिंसाहरुको अन्त्य हुँदैन तबसम्म गुणस्तरीय बालविकासको परिकल्पना गर्न सकिन्न । यसरी हेर्दा राज्यले बालबालिकाको अनिवार्य आधारभूत शिक्षा प्रतिवद्धताको रुपमा गरेता पनि कार्यान्वयन हुन नसकेको यस परिस्थितीमा अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा घोषणा अभियान संचालन गर्न नितान्त रुपमा आवश्यक भएकोले यस कुशे गाउँपालिका १ नं वडाले अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्ति क्षेत्र घोषणा गरी कार्यान्वयन गर्ने अपेक्षा गरेको छ ।

यस वडाका ४ बर्ष उमेर पुरा गरेका र १२ बर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई विभिन्न माध्यामबाट शिक्षाको पहुँचमा ल्याइएको छ । यहाँका ३ वटै विद्यालयहरुले आधारभूत शिक्षालाई पूर्णरुपमा कार्यान्वयन गर्दै आएका छन् । सबै विद्यालयहरुलाई विद्यालय शान्तिक्षेत्रको रुपमा घोषणा गरिएको छ । घर,समुदाय र समाजमा बालबालिकाहरु माथी कुनै पनि प्रकारको हिंसा नगर्ने कुरामा सबै अभिभावहरुले प्रतिवद्धता गरेका छन् । यसरी विभिन्न गतिविधीहरु संचालन गर्दै निर्देशिकामा उल्लेखित सबै सूचकहरु पुरा गरी यस वडालाई अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा घोषणा गर्ने र यसको पूर्ण कार्यान्वयनको लागी रणनितिक योजना तयार पार्ने योजना रहेको छ । यस वडाको आ.व. ०७८/०७९ को वडा समितिले उक्त घोषणा र कार्यान्वयनको निर्णय गरेको छ । यो अभियान कार्यान्वयनको लागी शिक्षा विकास तथा समन्वय ईकाइ, शिक्षा युवा तथा खेलकुद शाखा, कुशे गाउँपालिका र शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संघ संस्थाहरुको सहयोग अपेक्षा गर्दछुँ । घोषणा पूर्वकका सुचकहरुलाई मध्ये नजर गर्दै आगामी आर्थिक बर्षसम्म वडाका सबै सरोकारवाला निकायहरुसंग समन्वयात्मक कार्यलाई अगाडी बढाईने छ र यी सूचकहरुको निरन्तर कार्यान्वयन गरिनेछ ।

उपरोक्त बिषय वस्तुलाई मध्येनजर गर्दै यस कुशे गाउँपालिका १ं वडालाई आज प्रतिवद्धता सहितको अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा घोषाणका लागी सबै समाज सेवी, बुद्धिजिवी, शिक्षक, अभिभावक, वि व्य स, विद्यार्थी, कुशे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा,सेभ द भिल्ड्रेन र पहाडी क्षेत्र विकास अभियानको सक्रिय भूमिकामा हामी यो कार्यक्रम गर्न सफल भएका छौ । विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी वडा घोषणा गर्ने प्रतिवद्धता अनुरुप यस वडाका राजनितीक दल, विभिन्न विद्यालयका व्यवस्थापन समिती ,शिक्षक, अभिभावक, विद्यार्थी,नागरिक समाज र वडामा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाका पदाधिकारीहरु बिच तपसिल बमोजिमका बुंदाहरुमा ऐक्केबद्धता जाहेर गर्दछौ, साथै सरकारले जारी गरेका नीति, कानुन र ऐन नियमहरुलाई पालना तथा कार्यान्वयन गर्नु स्थानीय तहको कार्य क्षेत्र भित्र रहेकाले अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा औपचारीक रुपमा आजका मिति २०७८ साल चैत्र १२ गते देखि कार्यान्वयनको प्रतिवद्धता सहितको घोषणा गर्दछुँ ।

Scanned with CamScanner

अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा कार्यान्वयन भित्र निम्न बिषयवस्तुहरु समावेश गरिएका छन् ।

१) यस वडाका सबै बालविकास केन्द्रहरुमा ४ वर्ष पुरा गरेका र आधारभूत तहमा(***कक्षा १ देखि ८ सम्म)*** ५ देखि १२ वर्ष सम्मका १०० प्रतिशत बालबालिका विद्यालयमा भर्नाभै निरन्तर शिक्षा आर्जन गरीरहेका छन् ।

२) यस कार्यक्रमलाई निरन्तरता दिनका प्रत्येक वर्ष वडा परीषदबाट अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा कार्यान्वयन गर्नका लागी आवश्यक बजेट विनियोजन गरिनेछ, उक्त बजेट वडा समितिले निर्णय गरी विद्यालय भर्ना तथा विद्यालयमा पहुँच पुग्न नसकेका जोखिम परिस्थितीका बालबालिकाहरुलाई शैक्षिक सामग्री, विद्यालय पोषाक, विद्यालयमा बालमैत्री वातावरण तयारीका लागी सामग्री खरिद र सकारात्मक अभिभावकत्व सम्वन्धी सचेतीकरण कार्यक्रममा खर्च गरिनेछ ।

३) आगामी दिनमा यस कार्यलाई निरन्तरता दिन र बालबालिकाको शिक्षा पाउने हकलाई सुनिश्चितता गर्नका लागी शिक्षा विकास तथा समन्वय ईकाइ जाजरकोट, कुशे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा, यस वडामा कार्यरत विभिन्न गैरसरकारी संस्थासँग निरन्तर समन्व र सहकार्य गरिनेछ ।

४) विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा र ५ वर्ष मुनिका सबै बालबालिकालाई बालविकास कक्षामा पठाउनु सबै अभिभावकको कर्तव्य हुने छ । गरीब , विपन्न परिवार, एचआई भी एड्सबाट प्रभावित परिवारका बालबालिका , द्वन्द पिडित टुहुरा बालबालिकाहरुलाई विद्यालयमा टिकाई राख्न त्यस्ता परिवारका बालबालिकालाई थप सहयोगका कार्यक्रमहरु विस्तार गर्नको लागी पहल गरीने छ ।

५) अपाङ्गताका कारण नियमित विद्यालयमा गई पठनपाठन गर्न नसक्ने बालबालिकाहरुका लागी जसरी हाल घरमै विद्यालयको व्यवस्था गरिएको छ यस कार्यक्रमलाई निरन्तरता दिइने छ । आगामी दिनहरुमा विद्यालयका भौतिक पूर्वाधारहरु बालमैत्री,अपाङ्गमैत्री बनाउनमा जोड दिइनेछ र समावेशी शिक्षालाई प्रर्वद्धन गरिनेछ ।

६) बालबालिकाहरुलाई घर, विद्यालय, समुदाय र समाजमा कुनै पनि प्रकारको हिंसा गरिने छैन र यस प्रकारका हिंसाहरुलाई निरुत्साहित गरिनेछ ।

७) अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा कार्यान्वयन भए नभएको विषयमा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय एक अनुगमन समिती गठन हुनेछ । यसले प्रत्येक वर्षको १ पटक अनुगमन गर्ने छ । अनुगमन पश्चात वडाको सरोकारवालासँग समन्वयात्मक बैठक बसी समिक्षा गरिनेछ र थप कार्यक्रम विस्तार गर्नुपर्ने भए पुन : विद्यालय सुधार योजनामा समावेश गरी कार्यान्वयन गराइने छ ।

८) विद्यालय सुधार योजना, वडा शिक्षा योजना तयार गरी गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागी विद्यालयको शैक्षिक र भौतिकक्षेत्रलाई क्रमसः सुधार गर्दै सबै विद्यालयको विद्यार्थीको औषत सिकाइ उपलब्धी उच्च बनाइने ।

९) आफ्ना बालबालिकाको शैक्षिक स्तर सुधार गर्न र विद्यालयमा अनिवार्य रुपमा पठाउनको साथै फजुल खर्च (जाँड,रक्सि,जुवातास, चुरोट तथा अन्य) नकारात्मक कार्यहरुको खर्च कटौती गरी बालबालिककाको

Scanned with CamScanner

उज्जल भविष्यका लागी समर्पित हुन र सकारात्मक अभिभावकत्व प्रदान गरी गुणस्तरीय वालविकासमा लाग्न सबै अभिभावकहरुप्रति वडा कार्यालय हार्दिक अनुरोध गर्दछ ।

९) अनिवार्य आधारभूत शिक्षा कार्यक्रमलाई वालबालिकाको विद्यालय छोड्ने दर शुन्य वनाउने, कक्षा दोहोऱ्याउने दर घटाउने, उत्तिर्ण दर बढाउने,टीकाउ दर बढाउने र तह पारगर्ने दर बढाउने, वालअधिकारको सुनिश्चितता गर्ने कदमको रुपमा लिईएको छ ।

१०) अन्तमा अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्तिक्षेत्र वडा घोषणा गर्ने कार्यक्रममा विशेष सहयोग गर्नुहुने जनप्रतिनीधीहरु, विद्यालय, कुशे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा, वडा वालअधिकार समिति, वडामा क्रियासिल राजनितीक दल, नागरीक समाज, शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्था सेभ द चिल्ड्रेन , पहाडी क्षेत्र विकास अभियान र आम १ नं वडा बासि दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछुँ । यस अभियानको पूर्ण कार्यान्वयनका लागी सबै पक्षबाट ऐक्यबद्धता जाहेर गर्न हार्दिक अनुरोध गर्दछुँ ।

धन्यवाद

गोपाल नेपाली

अध्यक्ष

कुशे गाउँपालिका १ नं वडा, जाजरकोट

**ऐक्केबद्धताका लागी हस्ताक्षर**

| क्र स | नामथर | ठेगाना | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

Scanned with CamScanner